**बैठक नं.१२**

आज मिति २०७९/१०/१८ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ८:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिका हल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | [signature] |
| १५ | नारायणं प्रसाद पुन | सदस्य | [signature] |
| १६ | दधिराम न्यौपाने | सदस्य | [signature] |
| १७ | शिव राना | सदस्य | [signature] |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | [signature] |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | [signature] |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | [signature] |
| २२ | निलम गौतम | सदस्य | [signature] |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | [signature] |
| २४ | बसन्ती वि.क. | सदस्य | [signature] |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | [signature] |
| २७ | राधादेवी पौडेल | सदस्य | [signature] |
| २८ | यम बहादुर सुनार | सदस्य | [signature] |
| २९ | हेमा थामी | सदस्य | [signature] |
| ३० | टेकराज पन्थी | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

प्रस्ताव नं.१२.१

**अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**

निर्णय नं.१२.१

- पशुवधशाला विधेयक, २०७९ नगरसभामा पेश गर्ने गरी निर्णय लिइएको जुन ऐन नगरसभाबाट स्वीकृत भई प्रमाणीकरण गरी स्थानीय राजपत्रमा समेत प्रकाशित भइसकेको छ ।
- पशुवधशाला सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी कार्यदल गठन गरिएकोमा उक्त कार्यदलबाट प्रस्तुत प्रतिवेदन जानकारीमा लिइएको र सो सम्बन्धमा नगरसभाबाट पनि आवश्यक निर्णय लिई सकिएको ।
- विविध कारणले सम्पन्न हुन नसकेका ३ वटा आयोजनाहरुको म्याद थप गरिएको ।
- विज्ञहरुबाट बुटवल उपमहानगरपालिकाको संगठन संरचनाका बारेमा सर्वे गराई (O and M) प्रतिवेदन लिइएको र उक्त प्रतिवेदन नगरसभामा पेश गरी स्वीकृत समेत भई सकेको ।
- जग्गाको छुट लगत संकलन सम्बन्धमा आवश्यक निर्णय लिइएको ।
- जलस्रोत नीति, २०७९ नगरसभामा पेश गर्ने गरी निर्णय लिइएको र नगरसभाबाट उक्त नीति स्वीकृत भई प्रमाणीकरण र स्थानीय राजपत्रमा समेत प्रकाशित भई सकेको ।
- CCMC बैठकको सिफारिस समेतका आधारमा केही विपद सम्बन्धी सहयोग उपलब्ध गराउने निर्णय लिइएको ।
- पारिश्रमिक र केही सहयोग सम्बन्धी निर्णय लिइएको ।
- आयोजनाहरुको सम्झौता गर्ने अवधि यहि २०७९ माघ मसान्तसम्मका लागि थप गर्ने निर्णय लिइएको ।
- बजार अनुगमन समितिको प्रतिवेदन प्रस्तुत भई जानकारीमा लिइएको ।

प्रस्ताव नं.१२.२

**प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत सहितको उपमहानगरपालिकास्तरीय सम्मेलन २०७९ सम्बन्धमा ।**

निर्णय नं.१२.२

(क) नेपाल अधिराज्यभर हाल ११ वटा उपमहानगरपालिकाहरु रहेका छन । सङ्घीय संरचना मोडलमा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरु रहेका छन् । उल्लेखित पालिकाहरुको संरचनागत शैली आ-आफ्नो हुनु स्वभाविकै हो । उपमहानगरपालिका र नगरपालिका बीचको कार्यशैली फरक हुन सक्दछ । तसर्थ भौगोलिक हिसावले र कार्यशैलीका हिसावले एक आपसमा अनुभव आदान प्रदान गर्नु र राम्रा अभ्यासहरुलाई विस्तार गर्दै जान सकेमा उपमहानगरपालिकाहरुलाई नै फाईदा पुग्न जाने भएकोले देशको बीच भागमा रहेको तिव्र शहरीकरणतर्फ उन्मुख शिक्षा र औद्योगिक एवं व्यापारिक केन्द्रको रुपमा समेत स्थापित बुटवल उपमहानगरपालिकाले बुटवल उपमहानगरपालिकास्तरीय राष्ट्रिय सम्मेलनको आयोजना गर्दा उपयुक्त हुन्छ भन्ने महशुस भएको हुँदा मिति २०७९।१०।२२ गतेका दिन बुटवल उपमहानगरपालिकाको आयोजनामा उपमहानगरपालिकास्तरीय राष्ट्रिय सम्मेलनको आयोजना गरी भव्य रुपमा सम्पन्न गर्ने निर्णय

गरियो । साथै उक्त कार्यक्रममा प्रमुख अतिथि आमन्त्रण गर्ने र कार्यपत्र प्रस्तुतीकरणका लागि विज्ञ चयन गर्ने समेतको जिम्मेवारी प्रमुखज्यूलाई प्रदान गर्ने निर्णय गरियो ।

(ख) प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत सहितको उपमहानगरपालिकास्तरीय राष्ट्रिय सम्मेलन यहि मिति २०७९।१०।२२ गतेका दिन बुटवल उपमहानगरपालिकाको आयोजनामा सम्पन्न गर्ने गरी कार्यक्रम तय भएको र उक्त सम्मेलनका लागि मिति २०७९।१०।११ मा बसेको नगरसभाको बाह्रौ अधिवेशनबाट रु.३ लाख बजेट समेत विनियोजन भएकोमा उक्त रकम नपुग भएकोले चालु भैपरी कार्यक्रमहरु शीर्षकबाट खर्च हुने गरी रु.१२ लाख बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१२.३**

**बुटवल उपमहानगरपालिकाको स्थापना दिवस मनाउने सम्बन्धमा ।**

**निर्णय नं.१२.३**

-मिति २०७९ फागुन ३ गते शुभकामना आदान प्रदानको कार्यक्रम आयोजना गर्ने ।

-उत्कृष्ट नतिजा ल्याउने शिक्षक तथा विद्यार्थीहरु र शिक्षा क्षेत्रमा उत्कृष्ट कार्य गर्ने पदाधिकारी सम्मान कार्यक्रम ।

-कर्मचारीहरु र जनप्रतिनिधिहरु बीच मैत्रीपूर्ण फुटवलको आयोजना गर्ने ।

-कार्यालयतर्फका नियमित खेलहरु सञ्चालन गर्न एशोसिएसनलाई जिम्मेवारी दिने ।

-पत्रकारहरु र राजनैतिक दलहरुबीच मैत्रीपूर्ण खेल संचालन गर्ने ।

-कर्मचारीहरुलाई पुरस्कृत गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतले तयार गरी प्रमुख समक्ष पेश गर्ने र प्रमुख मार्फत नगरकार्यपालिका बैठकमा प्रस्तुत गर्ने ।

**प्रस्ताव नं.१२.४ विविध ।**

**प्रस्ताव नं.१२.४.१**

**नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, २०७९ संचालन सम्बन्धमा ।**

**निर्णय नं.१२.४.१**

(क) जिल्लास्तरमा २०७९ फागुन १५, १६ र १७ गते प्रदेशस्तरमा २०७९ फागुन १८,१९ र २० गते र केन्द्रीयस्तरमा २०७९ फागुन मसान्तसम्ममा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७९ संचालन गर्ने तयारी भई रहेको हुँदा यस बुटवल उपमहानगरपालिकामा पनि २०७९ फागुन ४,५ र ६ गते बुटवल-११ देवीनगर स्थित एन्फा टेक्निकल सेन्टरमा नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगित, २०७९ भव्य रुपमा संचालन गर्ने निर्णय गरियो ।

(ख) चौथो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७९ प्रचलित एन नियम बमोजिम तोकिएको मिति र समयमा भव्य र सभ्य रुपमा संचालन गर्न संयोजकमा खेलकुद विज्ञ/पूर्व खेलाडी तथा हाल वडा नं.५ का वडा अध्यक्ष श्री हरि प्रसाद श्रेष्ठलाई र कालिका मा.वि.का खेल शिक्षक प्रशिक्षक तथा हाल लुम्बिनी प्रदेश खेलकुद परिषद्का सदस्य श्री हरिश वलीलाई सहसंयोजक र नविन औद्योगिक मा.वि.का प्र.अ. प्रेम बहादुर बस्नेतलाई सचिवको जिम्मेवारी तोक्ने निर्णय गरियो ।

(ग) संयोजकलाई आवश्यकता अनुसार विभिन्न खेल विधाका अनुभवी खेलाडी, प्रशिक्षक तथा अन्य व्यक्तिहरु समावेश गरी निर्णय नं. १ ख बमोजिमको समिति विस्तार गर्न र आवश्यकतानुसार विभिन्न उपसमितिहरु गठन गर्न सक्ने गरी थप अधिकार दिने निर्णय गरियो ।

**प्रस्ताव नं.१२.४.२**
**अव्यवस्थित बसोवासीको लालपूर्जा प्राप्तिका लागि सिफारिस गर्ने सम्बन्धमा ।**
**निर्णय नं.१२.४.२**

बुटवल उपमहानगरपालिका वडा न.१३ मा अबस्थित निम्न बमोजिमका अव्यवस्थित बसोवासीको जग्गा साबिकको सुकुम्बासी आयोगबाट नाप नक्शां तयार भैसकेको तर केही जग्गाको मात्र लालपुर्जा लिन बाँकी रहेको तथा राष्ट्रिय भुमि आयोगमा पुर्जा प्राप्तिका लागि वडामा निबेदन पेश गरी वडाबाट समेत सिफारिस भएका उक्त वडाका निम्नानुसारका अव्यवस्थित बसोवासीको लाल पुर्जा प्राप्तिको प्रकिया अगाडि बढाउनका लागि राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्ने निर्णय गरियो ।

निम्न

| सि.नं. | नाम | सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | खेम लुईटेल | २ फ | ३०८ | ०-१-१५ | अव्यवस्थित बसोवासी |

**प्रस्ताव नं.१२.४.३**
**नाप नक्शांकनको प्रकिया अगाडि बढाउन सिफारिस गर्ने सम्बन्धमा ।**
**निर्णय न.१२.४.३**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोवासीहरुलाई व्यवस्थापन गर्ने उदेश्यले वडास्तरबाट लगत संकलनको कार्य सम्पन्न भईसकेको छ । नगरका सबै वडाहरुका अव्यवस्थित क्षेत्रको बस्तीको तहगत क्षेत्र निर्धारण भै सकेकोले अव्यवस्थित क्षेत्रको नांप नक्शांकनको प्रकिया अगाडि बढाउने सन्दर्भमा यस कार्यालयमा कार्यरत प्राबिधिक जनशक्ति(सर्भेक्षक,अमिन)हरुद्धारा वडा कार्यालयसंगको समन्वयमा वडा नम्बर ११ अन्तरगतका तपशिल बमोजिमको ब्लक छुट्याउने कार्य सम्पन्न भै सकेकोले तपशिल बमोजिमको ब्लक नांप नक्शांकनको प्रकिया अगाडि बढाउन राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | वडा न | ब्लक नं | स्थान |
|---|---|---|---|
| १. | ११ | १८ | शिवालय टोल, बुद्धनगर |

**प्रस्ताव नं.१२.४.४**
**योजना छनौट सम्बन्धमा ।**
**निर्णय नं.१२.४.४**

(क)संघीय मामिला तथा सामांन्य प्रशासन मन्त्रालय, तराई मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय ईकाई काठमाण्डौंको च.नं.३०१, मिति २०७९।१०।११ को पत्र अनुसार कार्यक्रम संचालन निर्देशिका, २०७९ बमोजिम आगामी आ.व.०८०/०८१ का लागि योजना पेश गर्न

सूचना प्रकाशित गरेकोमा निर्देशिकाको मापदण्ड बमोजिम निम्न बमोजिमका योजनाहरु छनौट गरी स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

- शहिद स्मृति आधारभूत विद्यालय पूर्वाधार निर्माण योजना, बुटवल ११
- जनता माध्यमिक विद्यालय, पूर्वाधार निर्माण योजना, बुटवल ८
- बुटवल कालिका क्याम्पस, पूर्वाधार निर्माण योजना, बुटवल १०
- अमर माध्यमिक विद्यालय, पूर्वाधार निर्माण योजना, बुटवल १९

**प्रस्ताव नं.१२.४.५**
**अनुमोदन सम्बन्धमा ।**
**निर्णय नं.१२.४.५**

बुटवल नगर आर्थिक, व्यापारिक यातायात सेवा केन्द्रको रुपमा स्थापित र तिव्र शहरीकरण तर्फ उन्मुख शहरमा पर्दछ । यस बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको लुम्बिनी बस टर्मिनलबाट देश भरि सकारात्मक सन्देश दिन सकिने स्थान भएको हुँदा यहाँ आउने यात्रुहरुलाई निशुल्क खानेपानी, शौचालय, विजुली बत्ती, शान्ति सुरक्षा, सफा सुग्घर, विश्राम स्थल, फ्रि वाईफाईका सुविधाहरुको उपयुक्त वन्दोवस्त गर्न ठेकेदार पक्षबाट कार्य गराउन सम्भव नदेखिएकोले सो कार्यहरु उपमहानगरपालिकाको तर्फबाट प्रवन्ध गर्न उपयुक्त हुने गरी मिति २०७९।०६।३० गते बुटवल उपमहानगरपालिका र श्री गणेश एण्ड सन्स कन्स्ट्रक्सन, बुटवल-१३, रुपन्देही वीच भएको सम्झौता अनुमोदन गरियो ।

**प्रस्ताव नं.१२.४.५**
**सदस्य मनोनयन सम्बन्धमा ।**
**निर्णय नं.१२.४.५**

उपप्रमुख महिला उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ६.२मा भएको व्यवस्था बमोजिम यस नगरकार्यपालिकाबाट २ जना सदस्य मनोनयन गर्नुपर्ने प्रावधान भएकोले देहायका व्यक्तिहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।
श्री पवित्रा श्रेष्ठ, बुटवल-३
श्री रमा पौडेल, बुटवल-१५

**प्रस्ताव नं.१२.४.६**
**सहयोग सम्बन्धमा ।**
**निर्णय नं.१२.४.६**

विभिन्न संघसंस्था एवं व्यक्तिहरुबाट विभिन्न मितिहरुमा सहयोग माग भई आएका पत्रहरु आजको वैठकमा प्रस्तुत भई छलफल गरियो । प्राप्त निवेदन सम्बन्धमा निर्णय लिन अत्यावश्यक भएकोले देहायको प्रयोजनका लागि देहाय बमोजिमको सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | व्यक्ति/संस्था | प्रयोजन | रकम |
|---|---|---|---|
| १. | राजेन्द्र ढकाल, सेमलार-१६ | आगलागी | रु.२,५०,००० |

| | | | |
|---|---|---|---|
| २. | कान्तिपुर पत्रिका | राष्ट्रिय कार्यक्रम | रु.२,५०,००० |
| ३. | किड्नी डायलोसिस संघ | कार्यालय संचालन | रु.५०,००० |
| ४. | पक्षघात भएको बच्चालाई सहयोग गर्ने संस्था, बुटवल-३ | सहयोग | रु.५०,००० |
| ५. | जितगढी सराय व्यवस्थापन समिति | सराय नाच सहयोग | रु.५०,००० |
| ६. | युथ संस्था | प्रदेश स्तरीय कार्यक्रम | रु.३०,००० |
| ७. | गोपालवंशी यादव | माघे संकान्ती मेला सहयोग | रु.२५००० |
| ८. | अभिसेक गौतम, बुटवल-७ | भाई आइवेस गौतमको टाउकोको उपचार | रु.२५००० |
| ९. | तिलोत्तमा नेवाः मयँजु खलः | लाखे नाच सहयोग | रु.२५००० |

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।